मितिः २०८१/१/२८

श्रीमान् प्रमुख जिल्ला अधिकारीज्यू,
जिल्ला प्रशासन कार्यालय, काठमाडौं।

विषयः प्रतिवेदन पेश गरेको सम्वन्धमा।

पृष्ठभुमी

प्रस्तुत विषयमा यस कार्यालयमा संस्था दर्ता ऐन, २०३४ अन्तर्गत दर्ता रहेको अखिल नेपाल हिमाली वौद्ध संघ र संघ अन्तर्गत सञ्चालित बौद्ध एकेडेमीमा रहेको आन्तरिक विवाद, अनियमितता र अव्यवस्थापनका कारण यस कार्यालयबाट पटक पटक छलफल गरी गराई संस्था र अन्तर्गतको विद्यालयमा सुधार गर्ने प्रयास गरिएकोमा हालसम्म पनि संस्था तथा विद्यालयले उद्देश्य, लक्ष्य र कार्यक्रम वमोजिम कार्य गर्न नसकेको, संस्था र विद्यालयको जग्गाको जगेर्ना गर्न नसकेको, संस्था अधोगति तर्फ गएको भनि पटक पटक गुनासो प्राप्त भएकोले सो सम्वन्धमा अध्ययन तथा छानविन गरी प्रतिवेदन पेश गर्नको लागि जिल्ला प्रशासन कार्यालय, काठमाडौका प्रमुख जिल्ला अधिकारीवाट स.प्र.जि.अ. श्री माधव प्रसाद ढुङ्गाना, जिल्ला प्रशासन कार्यालय, काठमाडौं, संयोजक, शिक्षा महाशाखा प्रमुख श्री दण्डपाणी शर्मा, गोकर्णेश्वर नगरपालिका, सदस्य, डि.एस.पी. श्री गंगा पौडेल, जिल्ला प्रहरी परिसर, काठमाडौं, सदस्य, मालपोत अधिकृत श्री डिल्ली खड्का, मालपोत कार्यालय, साँखु, सदस्य र प्रशासकिय अधिकृत कृष्ण कुमार के.सी., जिल्ला प्रशासन कार्यालय, काठमाडौं, सदस्य सचिव रहेको ५ सदस्यीय छानविन समिति गठन गरिएको। सो समितिलाई देहाय अनुसारको कार्यक्षेत्र रहने गरी १५ दिनको समयावधि उपलव्ध गराईएको।

कार्यक्षेत्र

१. संस्थाको कार्यसमितिमा देखिएको आन्तरिक विवाद, अनियमितता, अव्यवस्थापन सम्वन्धी
२. संस्थाको दोहोरो दर्ता, नविकरण सम्वन्धी
३. संस्थाको आय, व्यय र आन्तरिक नियन्त्रण प्रणाली सम्वन्धी
४. संस्थाको भौतिक सम्पत्ति, सम्पत्ति संरक्षण र व्यवस्थापन सम्वन्धी
५. संस्थामार्फत सञ्चालित विद्यालयको दर्ता, किसिम, व्यवस्थापन समिति, संचालन अवस्था, स्रोत साधन, चल अचल सम्पत्ति र सो को संरक्षण सम्वन्धी
६. संस्थाको सन्दर्भमा परेको मुद्दा मामिला र फैसलाको अवस्था सम्वन्धी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं

उक्त कार्य क्षेत्रलाई मध्यनजर गरी उक्त संघको स्थलगतरुपमा अनुगमन, निरिक्षण, अनुसन्धान र संघमा रहेको कर्मचारी, संघका साधारण सदस्यहरु र अन्य व्यक्तिहरूसंग प्रत्यक्ष कुराकानी समेत गर्दा निम्नानुसार विवरण प्राप्त भएको:-

निम्न

१. जिल्ला प्रशासन कार्यालय काठमाडौंमा अखिल नेपाल हिमाली वौद्ध संघ सर्वप्रथम छेचुकुस्यो डुक्पा लामा अध्यक्ष रहि मिति २०३७/०३/३० मा दर्ता हुँदा कार्यालय ठेगाना महाराजगंजमा रहेको भएता पनि नविकरण गर्ने क्रममा पुराना कागजात नभेटिदा आवश्यक कागजातका आधारमा दर्ता नं. ६ मिति २०४१/०९/३० कायाम गरि छेचुकुस्यो डुक्पा लामाकै अध्यक्षतामा कार्यसमिति गठन भई पुन संस्था दर्ता भएको र दर्ता नं. १८ मिति २०४३/१०/२१ मा जोरपाटी, काठमाडौं ठेगाना राखी सोहि नामको संस्था पुन दर्ता भई मिति २०७९/३/३१ को निर्णय वमोजिम मिति २०७९ असार सम्मको नविकरण भएको देखिन्छ। यस क्रममा सो संघको मिति २०७९/०४/०२ मा भएको साधारण सभावाट कार्य समितिको चयन भएको देखिन्छ। सो संघको विधान वमोजिम कार्य समिति चयन गर्दा केहि पद चयन हुन वाँकी रहेकोमा हालसम्म पदपुर्ति भएको देखिदैन।

२. उक्त संघको कार्य समितिमा सिमित व्याक्तिहरु तथा केहि परिवारको सिमित घेरा भित्र राखि मनोमानी ढंगले संचालन गर्ने पद्धतिले गर्दा संस्था अन्तर्गतको विद्यालयको सम्पत्तिमा विगत २०६९ भदौसम्म कोषमा रु २५ करोड देखिएकोमा तत्प्रश्चात संस्था निरन्तर अधोगतितर्फ हुँदै मिति २०७९ सालवाट विद्यालय पुर्ण रुपमा वन्द हुने अवस्था आएको र सरोकारवालाहरुसँग वुझ्दा, विद्यालयमा रहेको चल अचल सम्पत्तिमा आखाँ लगाई श्री सम्पत्ति मास्ने र संघको सम्पत्तिको प्रलोभनमा परी मनोमानी र एकलौटी रूपमा विद्यालय र संघ सञ्चालन गरी संघलाई धरासयी वनाउन खोजेको भनि संघ र विद्यालयको शुंभचिन्तकवाट गम्भिर आशंका व्यक्त गर्ने गरिएको पाईएको।

३. संघमा रहेका सवै सदस्यहरुलाई समेटन नसकि सदस्यहरु विचमा एक आपसमा विवादमा परेको देखिन्छ। उक्त संघका कार्य समितिका वैठकहरु संघको भवनमा नवसी अन्यत्र

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं

अध्यक्ष वा महासचिवको घरमा वस्ने गरेको समेत पाईयो। संघको कागजात तथा अन्य माईन्युटहरु समेत कार्यालयमा नराखि आफुखुसी घरघरमा राख्ने गरेको भन्ने गुनासो रहेको पाईयो। साथै उक्त कार्य समितिले संघको उद्देश्य, लक्ष्य र कार्यक्रम वमोजिम कार्य गर्ने नगरी संघ र विद्यालयको सम्पत्ति संरक्षण र सुरक्षा गर्न नसक्दा संघ र विद्यालयको उन्नयन र उन्नतिको साटो दुर्गति र अधोगति तर्फ गएको पाईयो।

४. संघ अन्तर्गत सञ्चालनमा रहेको वौद्ध एकेडेमी आवासीय माध्यामिक विद्यालय शैक्षिक सत्र २०७९ सालमा विद्यार्थीहरुको शैक्षिक जाँच सम्पन्न भए पश्चात २०८० सालको शैक्षिक सत्रको शुरुवाट विद्यालय संचालन गर्ने कार्यलाई गोकर्णेश्वर न.पा.वाट स्थगन गरेको देखिन्छ।

५. संघ अन्तर्गत सञ्चालनमा रहेका विद्यालय, छात्रवास एवं संघमा कार्यरत शिक्षक तथा अन्य कर्मचारीहरुलाई यस अगाडि एक पटक संघको नियमानुसार उपदान, गोल्डेन ह्यानसेक लगायतका सुविधा उपलव्ध गराएको भन्ने वुझिएको। तथापी कतिपय शिक्षक र कर्मचारीहरुले नियमानुसार विद्यालयको सेवा सुविधा प्राप्त गरेपछि पनि हालसम्म विद्यालयमा नै वसोवास गरेको वुझिएको।

६. संघमा संचित रकम नभएकोले संघको विजुलीवापतको विल तिर्न नसकी विद्युत प्राधिकरणवाट लाईन काटिएकोमा संघका धर्मगुरु काल्साङ लामावाट विल रकम भुक्तान गरि दिई विद्युत लाईन पुन जडान गरेको भन्ने वुझिएको।

७. संघको कम्पाउण्ड भित्र रहेको विद्यालयको गुम्वामा वौद्ध धर्मालम्वी विद्यार्थीहरु करिव ३० जनाको संख्यामा रहेको साथै ति विद्यार्थीको पालनपोषण र पठनपाठनको व्यवस्था हालका धर्मगुरुहरुवाट भएको वुझिएको।

८. उक्त विद्यालयको जग्गामा विद्यालयको पाले यसोदा काफ्लेलाई घर टहरा वनाई संरक्षणको लागि राखिएको तर विद्यालयको जग्गा संरक्षण, जगेर्नामा निजको भुमिका प्रभावकारी नरही संदेहपुर्ण रहेको भन्ने गुनासो पाईएको।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं

९. उक्त संघ अन्तर्गत सञ्चालनमा रहेको विद्यालय र छात्रावासमा रहेका विद्यार्थीहरुलाई खाना र अन्य व्यवस्थाको लागि विभिन्न किराना पसलहरुवाट लिईएको उधारो रासनवापतको रकम असुल गराईदिन हुन भनी गोकर्णेश्वर न.पा.मा निवेदनहरु परेको भन्ने वुझिएको।

१०. उक्त संघ अन्तर्गत जोरपाटीमा रहेको १७ रोपनी क्षेत्रफल जग्गामा दुई र तिन तलाका ७ वटा घर, भवन र टहरामा संघको कार्यालय, अफिस, विद्यालय, छात्रावास, खानपिन कोठाहरु, हल, कक्षाकोठा र गुम्वा समेत रहेको देखिएको।

११. उक्त संघको स्वामित्वमा १ थान कार सवारी साधन (जिप) रहेको देखिएको। सो सवारी साधन विद्यालय व्यवस्थापन समितिका तत्कालिन अध्यक्ष श्री विष्णु कुमार मगरले चलाउने गरेको वुझीएको। निज हाल विद्यालय व्यवस्थापन समितिको अध्यक्ष नरहेकोले सो गाडि तत्काल नियन्त्रणमा लिई निजलाई कानुनी कारवाहि गर्नु पर्ने भन्ने आम माग रहेको वुझिएको।

१२. उक्त संघ अन्तर्गत संचालनमा रहेको वौद्ध एकेडेमी आवासीय माध्यामिक विद्यालयको नाममा साविक नयापाटी गा.वि.स. वडा नं. ०५ को अन्दाजी २६ रोपनी ९ आना क्षेत्रफलको जग्गा रहेको। उक्त जग्गामा हाल गहुँ वाली लगाएको देखिएको।

१३. विद्यलयको नाममा रहेको जग्गा पूर्व गुठियार सदस्य इश्वरीलाल तामाङको श्रीमती कान्छी तामाङ र जेठी वुहारी डोल्मा तामाङ समेतले जस्ताका टहरा-२ र व्लकनिर्मित टहरा-१ गरी जम्मा ३ वटा घर टहरा वनाई वसेको र निज तामाङ्गले संघको जग्गा अनधिकृतरुपमा वेचविखन प्रयोजनको लागि ४ आना जग्गा विक्रि गर्न फुपुकी शेर्पा (ताप्लेजुङ)वाट वैना लिई निज फुपुकी शेर्पा (मो. नं. ९७६१६७४९११ र श्रीमान मिङमा शेर्पा मो.नं. ९८०१२३१०५२) द्वारा समेत पक्कि घर विद्यालयको सो जग्गामा वनाई वसेको देखिएको।

१४. विद्यालय व्यवस्थापन समितिमा विगत लामो समयदेखि विवाद रहेको भन्ने वुझिएको।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं

१५. विद्यालयको जग्गा विक्रि गर्ने, किन्ने, रोक्का राख्ने, फुकुवा गर्ने, र रोक्का पत्रको प्रतिलिपी माग गर्ने प्रयोजनार्थ दिनहु मालपोत कार्यालय, साखुँमा २/४ जना मानिसहरु आउने सोधपुछ गर्ने गरेको भनि मालपोत कार्यालय, साँखुवाट जानकारी पाईएको।

१६. उक्त संस्थाको कार्यालय खोल्ने/वन्द गर्न खटिएको कर्मचारी श्री महाविर लामाको आफ्नो आफन्तको मृत्यु भई आफ्नो गृह जिल्ला (रामेछाप) गएको भन्ने जानकारी गराईएको संस्थाको कागजातहरु अवलोकन गर्न नपाईएको।

१७. संस्था अन्तरगत वौद्ध एकेडेमी नामक विद्यालय सार्वजनिक शैक्षिक गुठीको रुपमा दर्ता भई संस्थागत विद्यालयको रुपमा सञ्चालन भएको र उक्त संस्थाको सिफारिसमा गोकर्णेश्वर नगरपालिकावाट विद्यालय व्यवस्थापन समितिको अध्यक्ष मनोनयन गर्ने र अन्य पदाधिकारीहरु शिक्षा ऐन र नियमावली वमोजिम गठन गरेको देखिएको। तर पछिल्लो समयमा संस्थाले सिफारीस गरेको कालसाङ लामालाई नगरपालिकाले मनोनयन नगरेको भन्ने वुझिन आएको।

१८. उक्त संघको मुद्दामामिला र फैसलाको सन्दर्भमा :-

क). श्री उच्च अदालत पाटनवाट मिति २०७६/०८/११ मा भएको निवेदक पेम ग्यल्जेन शेर्पा र विपक्षि जिल्ला प्रशासन कार्यालय, काठमाडौं, ऐ. का प्र.जि.अ. र महानगरीय प्रहरी वृत्त वौद्ध रहेको उत्प्रेशण परमादेश फैसला अनुसार संस्थाको दोहोरो दर्ता, नविकरण सम्वन्धि दर्ता नं ६, मिति २०४१/०९/३० र दर्ता नं. १८ मिति २०४३/१०/२१ मा दर्ता भएको एकै नामको दुई अलग अलग संस्था हुन/होईनन् भन्ने सम्वन्धमा फैसलाको वुदा नं ३ मा अतः निवेदकको माग वमोजिमको आदेश जारी गर्न मिल्ने हो वा होईन? माथी विवेचना गरिएका आधार कारण र प्रमाण समेतवाट मिसिल संलग्न कागजातवाट मिति २०३७/०९/३० मा दर्ता भएको अखिल नेपाल हिमाली वौद्ध संघको निरन्तरत निवेदक संस्थाले पाएको भन्ने देखिन आएकोले सो प्रतिकुल हुने गरी भएको हदसम्म जिल्ला प्रशासन कार्यालय काठमाडौंको मिति २०७५/०४/०७ को निर्णय वदर भएको।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं

ख). श्री उच्च अदालत पाटनवाट मिति २०७६/०७/२७ मा भएको निवेदक कालसाङ लामा र विपक्षि जिल्ला प्रशासन कार्यालय, काठमाडौं, ऐ. का प्र.जि.अ., जिल्ला शिक्षा कार्यालय, काठमाडौं र ऐ. का जिल्ला शिक्षा अधिकारी रहेको परमादेश फैसला वमोजिम संस्थापक र आजिवन सदस्यहरु मध्येवाट तदर्थ कार्य समिति वनाई नयाँ कार्य समिति समेत गठन गराई पाउँ भनि जिल्ला प्रशासन कार्यालय काठमाडौंमा दर्ता नं. २१२ मिति २०७६/०४/१६ मा दिएको निवेदन सम्वन्धमा सो निवेदन वमोजिम गर्न जिल्ला प्रशासन कार्यालयका नाममा गरेको परमादेशको आदेशको फैसला।

ग). श्री उच्च अदालत पाटनवाट मिति २०७९/११/१७ मा भएको निवेदक विष्णु कुमार मगर र विपक्षि गोकर्णश्वर न.पा., काठमाडौं, ऐ. नगर प्रमुखः र कालसाङ लामा रहेको परमादेश फैसला वमोजिम वुद्ध एकेडेमि आवासिय माध्यामिक विद्यालयको व्यावस्थापन समितिको अध्यक्ष संघले सिफारिस गरेको गुठियार लामा गुरु विपक्षी कलसाङ लामालाई अध्यक्ष नियुक्ति गर्ने गरी गोकर्णेश्वर न.पा.वाट मिति २०७८/०६/१९ मा भएको निर्णय कानुन सम्मत भएको भनि फैसला

घ). श्री सर्वोच्च अदालत को मिति २०८१/०१/१० को निवेदक कालसाङ लामा र विपक्षी श्री गोकर्णेश्वर नगरपालिकाको कार्यालय जोरपाटी, काठमाडौं भएको उत्प्रेषण आदेशमा लिखित जवाफ पेश गर्नु भनि विपक्षिका नाममा आदेश भएको पाईयो।

१९. संघका कार्य समिति र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरुले कार्यलयका कागजातहरु र कार्यालय सम्वन्धि वैठकहरु एवं कार्यालयका कामकारवाहिहरु संस्था र विद्यालयको कार्यालयवाट नगरी अन्यत्र एव निजि घरहरुमा गर्ने गरेको भन्ने वुझिएको।

संघमा गर्नु पर्ने सुधार हरु :

१. उक्त संघका साधारण, आजीवन, संस्थापक लगायतका सदस्यहरुको हालसम्म संस्थामा आधिकारिकताको सम्वन्धमा स्पष्ट पहिचान गरी एकिन विवरण तयार गरी अध्यावधिक

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय काठमाडौं

गर्नु पर्ने। सो को लागी संघको सम्वन्धमा भएका अदालतका फैसला समेतलाई आधार लिनु पर्ने।

२. २०८० सालको शैक्षिक सत्रवाट गोकर्णेश्वर नगरपालीकावाट भएको विद्यालय सञ्चालन अनुमति स्थगन सम्वन्धमा बुद्ध एकेडेमीको प्रस्तावना तथा संघ स्थापना हुँदाको उद्देश्य वमोजिम हिमाली वौद्धमार्गी समुदायका असक्षम, असहाय वालवालिकाले प्राप्त गर्दै आएको शैक्षिक अवसर र सुविधालाई कायम गरी संघ र विद्यालय सञ्चालन हुनु पर्ने। संघको घर भवन सम्पत्तिहरु साविक वमोजिम नै वौद्ध शिक्षा र सोहि प्रयोजनमा प्रयोग गर्ने। अन्य प्रयोजन र उद्देश्यका लागि संघ, विद्यालय, नगरपालिका तथा अन्य निकायवाट प्रयोग गर्ने गरी कुनै पनि निर्णय नगर्ने।

३. विद्यालय सञ्चालनको लागी आर्थिक स्रोतको सुनिश्चितता हुनु पर्ने।

४. उक्त संघ र संघ अन्तरगत रहेको विद्यालयका कर्मचारी, शिक्षकहरुले नियमानुसार सुविधा लिई अवकाश भएका कर्मचारी र शिक्षकहरु पुन संघमा आई वसेको भए तिनिहरुको विवरण तयार पारी तिनलाई वहिर्गमन/हटाउनु पर्ने।

५. उक्त संघ अन्तर्गत सञ्चालनमा रहेका विद्यालयका कर्मचारी र शिक्षकहरुले दोहोरो सुबिधा लिएको भएमा सो को विवरण तयार गरी निजहरुवाट असुल उपर गर्नु पर्ने।

६. उक्त संघ र संघ अन्तर्गत सञ्चालनमा रहेको विद्यालयहरूको नाममा रहेका जग्गा तथा अन्य सम्पत्ति वेचविखन, संस्थाको जग्गा हिनामिना र मास्ने प्रयास गर्ने अनधिकृतरुपमा वैना लिने र ईश्वरीलाल लगायतका व्याक्तिहरुको पहिचान गरि त्यस्ता व्यक्तिहरुलाई कानुनी दायरामा ल्याई कारवाहि गर्नु पर्ने। ईश्वरी तामाङले जस्तै अनधिकृतरुपमा लिएको वैना वापतको रकम र त्यसको व्याज क्षतिपूर्ति समेत दिलाई भराई दिनु पर्ने।

७. विद्यालयको नाममा रहेको जग्गामा वसोवास गर्ने पाले सहित सवैजनालाई हटाई जग्गा खालि गराउने, अनधिकृतरुपमा वसोवास गरेको समयको भडा क्षतिपुर्तिको रुपमा वसोवास गर्ने गराउनेहरुवाट असुल उपर गर्ने र उक्त जग्गा संरक्षण गर्नको लागि विद्यालय

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं

व्यवस्थापन समिति र संघको कार्य समितिको चयन नहुन्जेलसम्म संरक्षण प्रयोजनको लागि तदर्थ समिति र गोकर्णेश्वर नगरपालिकालाई जिम्मा दिने। नगरपालिका र विद्यालयले सो जग्गा परिसरमा घेरावन्दि गरी सवैले देख्ने गरि सार्वजनिक जग्गा भएको विवरण उल्लेखित होर्डिङ वोर्ड झुण्डयाउने व्यवस्था गर्ने।

८. उक्त विद्यालयको व्यवस्थापन समिति प्रचलित कानुन एवं नियमानुसार वनाउनु पर्ने।

९. संघ र विद्यालयका चल अचल सम्पत्ति (घर जग्गा र सवारि साधन) विक्रि वितरण तथा कसैलाई कुनै पनि व्यहोराले हक हस्तान्तरण गर्न नपाउने गरी रोक्का राखि दिनको लागि सम्वन्धित मालपोत कार्यालय र नापी कार्यालय, नगरपालिका, वडा कार्यालय, जिल्ला शिक्षा समन्वय ईकाई, अखिल नेपाल बौद्ध संघ र बौद्ध एकेडेमी आंवासीय विद्यालय समेतलाई लेखि पठाउनु पर्ने।

१०. विद्यालय व्यवस्थापन समितिका तत्कालिन अध्यक्ष विष्णु कुमार मगरले अनधिकृत रुपमा हाल सम्म पनि संस्था र विद्यालयको स्वमित्वको जिप प्रयोग गरेको भन्ने वुझिएकोले कानुनी कारवाहि गरी निजवाट सो सवारी साधन जफत गरी निजले अनधिकृतरुपमा प्रयोग गरेको समयावधिको रकम क्षतिपुर्तिवापत असुल उपर गरी संस्था/विद्यालयको कोषमा दाखिला गराउने।

११. संस्थाको खातामा तत्कालिन विद्यालयका प्रिन्सिपल दोर्जे नाम्गेल का पालामा (२०६९ साल भाद्र २१ गते सम्म) रु २५ करोड मौज्दात (वचत) रहेको भन्ने वुझिएको र हाल संस्थाको नाममा कुनै रकम नरहेको भन्ने आम गुनासो र आक्रोस व्यक्त भएको सन्दर्भमा यथार्थ अवस्था यकिन गर्न वर्तमान कार्य समितिका अध्यक्ष, महासचिव, कोषाध्यक्ष लगायत पदाधिकारीहरुलाई सक्कल कागजात सहित सम्पर्क गर्नु हुन भनि पटक पटक अनुरोध गर्दा समेत कार्य समितिका अध्यक्ष, महासचिव, कोषाध्यक्ष लगायत पदाधिकारीहरु भागी भागी हिडेको, सम्पर्क गर्न नआएको, प्रहरी मार्फत वोलाउँदा समेत सम्पर्क नभएकोले कसको कुन समयमा संस्था र विद्यालयको रकम अपचलन भयो सो

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं

यकिन विवरण वुझि अपचलन गर्ने, मास्ने विरुद्ध कानुनी कारवाहि गरी नियमानुसार विधान वमोजिमको रकम फिर्ता/सोधभर्ना गराउनु पर्ने।

१२. संस्था र विद्यालयको लक्ष्य, उद्देश्य, कार्यक्रम वमोजिम कार्य गरी संस्थाको उन्नति र उन्नयन गर्नु पर्नेमा संस्थाकै सम्पत्ति तथा जग्गा हिनामिन तथा दुरुपयोग गर्ने उपर खोजी एवं कारवाही गर्नुको सट्टा त्यस्ता व्यक्ति तथा तत्वको पृष्ठपोषण गर्ने वर्तमान कार्य समिति र त्यसका सदस्यलाई यहि क्रममा कार्य गर्न दिईरहने हो भने संस्थाको अझ दुर्गति र अधोगति हुने देखिएको भनी सर्वपक्षवाट गुनासो र माग रहेको पाईएकोले वर्तमान कार्य समितिलाई तत्काल विघटन गरी नयाँ तदर्थ कार्य समिति बनाई उक्त समितिवाट दुई महिना भित्र नयाँ कार्य समितिको निर्वाचन गर्ने व्यवस्था गर्नु पर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
काठमाडौं

<u>प्रतिवेदक</u>

स.प्र.जि.अ. श्री माधव प्रसाद ढुङ्गाना,
जिल्ला प्रशासन कार्यालय, काठमाडौं- संयोजक

शिक्षा महाशाखा प्रमुख श्री दण्डपाणी शर्मा,
गोकर्णेश्वर नगरपालिका- सदस्य

डि.एस.पी. श्री गंगा पौडेल,
जिल्ला प्रहरी परिसर, काठमाडौं- सदस्य

मालपोत अधिकृत श्री डिल्ली खडका,
मालपोत कार्यालय, साँखु- सदस्य

प्रशासकिय अधिकृत कृष्ण कुमार के.सी.,
जिल्ला प्रशासन कार्यालय, काठमाडौं- सदस्य सचिव